# पूर्वखोला गाउँपालिका
## Purbakhola Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

पूर्वखोला, पाल्पा
Purbakhola, Palpa
५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal


पत्र संख्या/Letter No.: २०७६/७७
चलानी नं./Ref. No.: २०

मितिः २०७७।०३।०१

श्री माध्यमिक विद्यालयहरु सबै
पूर्वखोला गाउँपालिका, पाल्पा

विषयः शैक्षिक क्रियाकलाप कार्यन्वयन गराउने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस पूर्वखोला गाउँपालिकाको मिति २०७७।०२।३२ गतेको गाउँ शिक्षा समिति र सोही मितिको गाउँ कार्यपालिकाको निर्णय अनुसार "लकडाउनमा शिक्षक, विद्यार्थी र अभिभावक शैक्षिक कार्यक्रम" कार्यन्वयन गराउन सम्बन्धित वडाका शिक्षकहरुलाइ खटाउने तथा शिक्षक अभाव भएका ठाउँहरुमा स्वयंसेवक परिचालन गरी टोल टोलमा शैक्षिक कार्यक्रम सञ्चालन गराईएको छ। तसर्थ यस पूर्वखोला गाउँपालिकाका सम्पुर्ण विद्यार्थीहरुलाई शैक्षिक कार्यक्रममा सहभागी भई निरन्तर अध्ययन अध्यापनमा सहभागी हुन अनुरोध छ । यसको व्यवस्थापनको लागि सम्बन्धित टोलका अभिभावक, उक्त टोलमा खटिने शिक्षक, माध्यमिक विद्यालयका प्रधानाध्यापक र सम्बन्धित वडाको वडा अध्यक्षको संयुक्त छलफलबाट शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्ने निर्णय भएकाले सोही बमोजिम गर्नु गराउनु हुन अनुरोध छ। साथै यस पूर्वखोला गाउँपालिकाको कार्यालयको अनुगमन समिति तथा वडा स्तरको अनुगमन समितिबाट निरन्तर अनुगमन हुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

डिल्लीराम ढुंगाना
शिक्षा अधिकृत

डिल्लीराम ढुंगाना
शिक्षा अधिकृत